त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर।
Pulchowk, Lalitpur

च.नं. १०६६।७८।७९

मिति: २०७८।०८।२७

श्री सिभिल इ. विभाग,
पुल्चोक क्याम्पस ।

श्री इलेक्ट्रोनिक्स तथा कम्प्युटर इ. विभाग,
पुल्चोक क्याम्पस ।

श्री आर्किटेक्चर विभाग,
पुल्चोक क्याम्पस ।

श्री मेकानिकल इ. विभाग,
पुल्चोक क्याम्पस ।

श्री इलेक्ट्रिकल इ. विभाग,
पुल्चोक क्याम्पस ।

श्री एप्लाइड साइन्सेस एण्ड के. इ. विभाग,
पुल्चोक क्याम्पस ।

## विषय: छात्रवृति फाराम भर्ने/भराउने सम्बन्धमा।

इ.अ.सं. डीनको कार्यालयको मिति २०७८।०८।२४ गतेको पत्रमा उल्लेख भए अनुसार नेपाल सरकार, शिक्षा तथा प्रविधि मन्त्रालयको "**लागत साझेदारीमा दक्ष प्राविधिक शिक्षण जनशक्ति विकास कार्यान्वयन कार्यविधि २०७५**" अनुसार प्राप्त हुने छात्रवृतिका लागि यस क्याम्पसमा सिभिल/कम्प्युटर/मेकानिकल/इलेक्ट्रिकल इन्जिनियरिङ्ग कार्यक्रममा २०७७ भर्ना समूह प्रथम वर्ष दोस्रो खण्डमा अध्ययनरत विद्यार्थीहरुले मिति २०७८।०९।१५ गते ४:०० बजे भित्र शैक्षिक प्रशासन शाखामा आइपुग्ने गरि दरखास्त आह्वान गरिन्छ । सो समय भित्र दरखास्त नआएको खण्डमा कुनै कारवाही हुने छैन

संलग्न: इ.अ.सं. डीनको कार्यालय पत्र थान १

गणेशलाल श्रेष्ठ
प्रमुख
शैक्षिक प्रशासन शाखा

**बोधार्थ**

- श्री नयां/महिला छात्रावास, पुल्चोक क्याम्पस ।
- श्री स्व.वि.यू., पुल्चोक क्याम्पस ।
- श्री सूचना प्रविधि केन्द्र, पुल्चोक ।

त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
इन्जिनियरिङ अध्ययन संस्थान
Institute of Engineering

# डीनको कार्यालय
# OFFICE OF THE DEAN

GPO box- 1915, Pulchowk, Lalitpur
Tel: 977-5-521531, Fax: 977-5-525830
dean@ioe.edu.np, www.ioe.edu.np
गोश्वारा पो.ब. नं- १९१५, पुल्चोक, ललितपुर
फोन- ५५२१५३१, फ्याक्स- ५५२५८३०

डी.का.फा.नं. (   )च.नं.   २०७८/०७९   मिति : २०७८/०८/२४

## सूचना

नेपाल सरकार,शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको लागत साझेदारीमा दक्ष प्राविधिक शिक्षण जनशक्ति कार्यक्रम विकास अन्तर्गत ***"लागत साझेदारीमा दक्ष प्राविधिक शिक्षण जनशक्ति विकास कार्यान्वयन कार्याविधि, २०७५"*** अनुसार प्राप्त हुने छात्रवृत्तिका लागि तपसिलमा उल्लेखित विषयहरुमा उल्लेखित विद्यार्थी संख्याका लागि २०७७ भर्ना समूहका (प्रथम वष दोश्रो खण्डमा अध्ययनरत) इच्छुक विद्यार्थीहरुबाट मिति २०७८/०९/१५ भित्र सम्बन्धित क्याम्पसमा आईपुग्ने गरी दरखास्त आह्वान गरिएको छ । यस सम्बन्धी विस्तृत विवरण सम्बन्धित क्याम्पसबाट प्राप्त गर्न सकिनेछ ।

तपसिल :

| सि.नं. | विषय | विद्यार्थी संख्या |
|---|---|---|
| १. | कम्प्यूटर इन्जिनियरिङ्ग | ४८ |
| २. | सिभिल इन्जिनियरिङ्ग | ४८ |
| ३. | अटोमोवाईल इन्जिनियरिङ्ग | २४ |
| ४. | मेकानिकल इन्जिनियरिङ्ग | २४ |
| ५. | इलेक्ट्रिकल इन्जिनियरिङ्ग | ४८ |

**विद्यार्थी छनोटका अधारहरु**

क) यस छात्रवृत्तिका लागि २०७७ सालको इ.अ.सं., स्नातक तहको प्रवेश परीक्षाको योग्यता क्रमको आधारमा विद्यार्थीहरु छनोट गरिनेछ ।

ख) छनोट भएका विद्यार्थीहरुले क्याम्पसमा तिर्नुपर्ने शुल्क यस कार्यक्रमले व्यहोर्नेछ ।

ग) निर्वाह खर्च बापत छनोट भएका विद्यार्थीहरुले वर्षमा १० महिनाको लागि प्रति विद्यार्थी प्रति महिना रु. ६०००।- का दरले पाउनेछन् ।

घ) अध्ययन पश्चात् विद्यार्थीहरुले मन्त्रालयले खटाएको प्राविधिक शिक्षालयमा अनिवार्य रुपमा ३ वर्ष सेवा गर्नुपर्नेछ ।

ङ) तोकिएको निर्वाह खर्चविद्यार्थीको प्रगति प्रतिवेदनका आधारमा वितरण गरिनेछ ।

च) यस कार्यक्रम अन्तर्गत भर्ना भएका विद्यार्थीहरुको सक्कल शैक्षिक प्रमाणपत्रहरु (विद्यार्थीले तोकेको शिक्षा पूरा गरेको) ३ वर्षसम्म सम्बन्धित क्याम्पसमा सुरक्षित राखिनेछ ।

छ) छात्रवृत्तिका लागि छनोट भएका विद्यार्थीहरुको नामावली वेभसाइटमा राखिनेछ ।

Pokhrel

.................................

प्रा.डा. चिन्तामणि पोखरेल
सहायक डीन (प्रशासन)

**त्रिभुवन विश्वविद्यालय**
**इन्जिनियरिङ्ग अध्ययन संस्थान**

**नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट प्राप्त छात्रवृतिका लगि**

# आवेदन फारम

| | |
|---|---|
| विद्यार्थीको नाम (देवनागरी) | |
| विद्यार्थीको नाम (अंग्रेजी) | |
| अध्ययनरत क्याम्पस | |
| | विभागः |
| | विषयः |
| क्याम्पस रोल नं. | |
| प्रवेश परीक्षाको क्रमाङ्क | |

विद्यार्थीको दस्तखतः.............................

मितिः...............................................

**विद्यार्थी छनौटका आधारहरु**

क) यस छात्रवृतिका लागि २०७७ सालको इ.अ.सं., स्नातक तहको प्रवेश परीक्षाको याग्यता क्रमको आधारमा विद्यार्थीहरु छनौट गरिनेछ ।

ख) छनौट भएका विद्यार्थीहरुको शुल्क यस कार्यक्रमले व्यहोर्नेछ ।

ग) निर्वाह खर्च वापत छनौट भएका विद्यार्थीहरुले वर्षमा १० महिनाको लागि प्रति विद्यार्थी रु. ६०००।- (रुपैयाँ छ हजार मात्र ) पाउनेछ ।

घ) अध्ययन पश्चात् विद्यार्थीहरुले मन्त्रालयले खटाएको शिक्षालयमा अनिवार्य रुपमा ३ वर्ष सेवा गर्नुपर्नेछ ।

ङ) तोकिएको निर्वाह खर्च विद्यार्थीको प्रगति प्रतिवेदनका आधारमा वितरण गरिनेछ ।

च) यस कार्यक्रम अन्तर्गत भर्ना भएका विद्यार्थीहरुको सक्कल शैक्षिक प्रमाणपत्रहरु (विद्यार्थीले तोकेको शिक्षा पूरा गरेको ) ३ वर्षसम्म सम्बन्धित क्याम्पसमा सुरक्षित राखिनेछ ।

छ) छात्रवृतिका लागि छनौट भएका विद्यार्थीहरुको नामावली वेबसाइटमा राखिनेछ ।

## अनुसूची - १

(दफा ४ को उपदफा (१) खण्ड (च) संग सम्बन्धित)

## कबुलियतनामा

श्री ................................... को नाति/नातिनी श्री ....................................................... को छोरा/छोरी जिल्ला ........................... गा.वि.स./न.पा. ............................ वडा नं. ............. मा स्थायी बसोबास भएको मिति ...................................(वि.सं.) ......................... (ए.डी.) मा जन्मेको म ............................... नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय/विश्वविद्यालय अनुदान आयोग बाट ...................... विषयमा अध्ययनका लागि ........................................................ संस्थामा छात्रवृत्तिमा छनोट भएकाले **प्राविधिक धार विस्तारका लागि लागत साझेदारीका आधारमा अनुदान वितरण सम्बन्धी कार्यविधि,** २०७५अनुसार नेपाल सरकारले छात्रवृत्ति उपलब्ध गराउने निर्णय भएकाले अध्ययन पूरा हुनासाथ छात्रवृत्ति सम्बन्धी ऐन, २०२१, छात्रवृत्ति सम्बन्धी नियमावली, २०६० तथा **प्राविधिक धार विस्तारका लागि लागत साझेदारीका आधारमा अनुदान वितरण सम्बन्धी कार्यविधि,** २०७५बमोजिम गर्नु पर्ने सम्पूर्ण काम गर्ने छु । सो बमोजिम नगरे मैले छात्रवृत्ति बापत पाएको आर्थिक सुविधा, मासिक निर्वाह खर्च बापतको रकम समेत बुझाउने छु । प्राप्त रकम मैले नबुझाएमा मेरो घर घरानाबाट सरकारी बाँकी सरह असुल गरेमा मेरो मञ्जुरी भएकाले यो बमोजिम कबुलियतनामा गरी विश्वविद्यालय अनुदान आयोग मार्फत नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा बुझाएँ ।

ल्याप्चे सहीछाप

| | |
|---|---|
| | |

छात्रवृत्ति पाउनेको,

हस्ताक्षर :-

नाम :-

सम्पर्क ठेगाना :-

टेलिफोन नम्बर :-

मिति :-

अभिवावकको हस्ताक्षर :

नोट:

१. अध्ययन समाप्त भए पश्चात तोकिएको समयभित्र सम्बन्धित शैक्षिक संस्था/विश्वविद्यालय अनुदान आयोग/शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा प्रतिवेदन पेश गर्ने छु ।

२. अध्ययन समाप्त भए पश्चात तोकिएको क्षेत्रमा तोकिएको अवधिसम्म अनिवार्य काम गर्ने छु ।